## लिखु गाँउपालिका

### गाँउ कार्यपालिकाको कार्यालय

### भलाची डाँडा, नुवाकोट।

## औषधी खरिदको शिलवन्दी दरभाउपत्र सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०२)*

यस कार्यालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा चालु आर्थिक वर्ष २०८२/८३ को बाँकी अवधिको लागि आवश्यक पर्ने गुणस्तरीय औषधीहरु शिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नु पर्ने भएकोले ईजाजतप्राप्त फर्म, संस्था, सप्लायर्सहरु वा कम्पनीबाट निम्न शर्तहरुको अधिनमा रहि रीत पुर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।

१. दरभाउपत्र फारम कृषि बिकास बैंक लि. छहरे शाखामा रहेको आन्तरीक राजस्व खाता नं. ०२२४८०१९४५१०८०१९ मा वोलपत्र दस्तुर वापतको रु. १०००।०० एक हजार (फिर्ता नहुने गरी) नगद जम्मा गरेको भौचरको Scan कपी सहित अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्र, फर्म/संस्था/कम्पनीदर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमादर्ता भएको प्रमाणपत्र र आ.व. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणहरु संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal **www.bolpatra.gov.np** मार्फत पेश गर्न सकिनेछ।

२. दरभाउपत्र दाताहरुको अनुपस्थितीमा पनि दरभाउपत्र खोल्न वाधा पुगेको मानिने छैन।

३. दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको, भनी लिखित रुपमा गरेको घोषणा कागजात दरभाउपत्र साथ पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र फाराम साथ जमानत वापत तपशिलमा उल्लेखित धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक लि. छहरे शाखा नुवाकोटमा रहेको धरौटी खाता नं. ०२२४८०१९४५१०८११६ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकहरुबाट यस गाँउपालिकाको नाममा जारी भएको सक्कल बैंक ग्यारेन्टी (Bid Bond) शिलवन्दी दरभाउपत्र खोलेका मितिबाट गणना हुने गरि कम्तिमा ७५ दिन म्याद भएको हुनु पर्नेछ।

५. दरभाउपत्र फारममा दररेट भर्दा अंक र अक्षरमा प्रष्ट संग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

७. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीहरुको म्याद आपुर्ती हुंदाको समयमा कुल उपभोग योग्य अवधिको कम्तिमा ७५ प्रतिशत हुनु पर्नेछ।

८. दरभाउपत्रदाताले सप्लाई गर्ने औषधीहरुमा "निशुल्क उपलब्ध" भन्ने शब्द लेखिएको हुनु पर्नेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन्।

१०. प्राप्त दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

११. यस सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

| कन्ट्र्याक्ट नं. | खरिद सम्बन्धी बिवरण | दरभाउपत्र जमानत रकम | सिलवन्दी खाम पेश गर्ने अन्तिम मिति | खोलिने मिति र समय | फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| 01/Health/ LRM/ 2082/83 | Supply and Delivery of Medicine to Likhu Rural Municipality, Nuwakot | २९,०००।०० | २०८२/०८/१७ मध्यान्ह १२.०० बजे | २०८२/०८/१७ दिनको १ बजे | १०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

### आइएमई उत्कृष्ट करदाता

सरकारले यसपटक रेमिट्यान्स तथा मनी कारोबार गर्ने क्षेत्रतर्फबाट आईएमई लिमिटेडलाई उत्कृष्ट करदाता सम्मान प्रदान गरेको छ। राष्ट्रिय कर दिवस २०८२ का अवसरमा सोमबार आयोजित समारोहमा अर्थमन्त्री खनालले आईएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेललाई उत्कृष्ट करदाता सम्मान प्रदान गरेका हुन्।

सम्मान ग्रहणपछि प्रमुख कार्यकारी अधिकृत पौडेलले उल्लेख्य कर दाखिला गरी राष्ट्रिय विकासमा योगदान दिन पाउनु आईएमईका लागि गौरवको विषय रहेको बताए। उनले विभिन्न देशमा सयभन्दा बढी व्यावसायिक साझेदार नेटवर्क रहेको आइएमईले रेमिट्यान्स सेवालाई अझ सरल, सहज र सुरक्षित बनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा ब्रान्ड पहिचानलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धतासमेत व्यक्त गरे। राष्ट्रिय कर दिवस समारोहमा आईएमईका संस्थापक अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले करदाताको सम्मानसँगै सुरक्षालाई पनि प्राथमिकतामा राख्न सरकारको ध्यानाकर्षण गराए। सन् २००१ मा स्थापना भएको आईएमईले रेमिट्यान्स भित्र्याउने (नेपालको वैदेशिक मुद्रा आप्रवाह) कार्यलाई संस्थागत तुल्याउन नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको सो कम्पनीले जनाएको छ। यस योगदानका आधारमा आईएमईले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानहरू प्राप्त गरिरहेको कम्पनीले जनाएको छ। यसअघि पनि धेरैपटक सर्वाधिक कर तिर्ने उत्कृष्ट करदाता कम्पनीका रूपमा आईएमई सम्मानित हुँदै आएको छ।

### राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी प्यान नम्बर आफैंले लिन सकिने प्रणाली सुरु

सरकारले राष्ट्रिय परिचयपत्रसँग आबद्ध गरी व्यक्तिगत स्थायी लेखा नम्बर (प्यान) आफैंले लिन सकिने प्रणाली सुरु